## साकेला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ५ मितिः २०७५।०६।२८

# भाग-२

साकेला गाउँपालिकाद्धारा प्रकाशित

## अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र बितरण सम्वन्धी कार्यविधि,२०७५

गाउँ कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०७५।०६।२८

**प्रस्तावना**

नेपालको संविधानको धारा ४२ को उपधारा (३), धारा ५७ को उपधारा (४), अनुसूची-८ को क.सं.१६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११.त. को (२) ले दिएको काम कर्तव्य र अधिकारको उपयोग गरी गाउँपालिका क्षेत्रस्थित अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण गरी सामाजिक सुरक्षा प्रदान गर्न, निजहरुमा रहेको ज्ञान, सीप र क्षमताको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्दै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन समेतको कार्य गर्नका लागि साकेला गाउँ कार्यपालिकाको मितिः २०७५/०६/२८ को बैठकले यो "अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र बितरण सम्वन्धी कार्यविधि, २०७५" स्वीकृत गरेको छ ।

**१.कार्यविधिको प्रारम्भः-** यो कार्यविधि गाउँ कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२.परिचय- पत्र बितरणका आधारः**

नेपालको संविधानको अनुसूची-८ को क.सं. १६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(त) को (२) ,अपाङ्गताको परिभाषा र वर्गीकरण,२०६३, अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र बितरण सम्वन्धी कार्यविधि, २०६५ र अपाङ्गता स्रोत पुस्तिका,२०६८ समेतलाई यो कार्यविधिको आधार बनाईएको छ ।

**३.उद्देश्यः**

क) विभिन्न प्रकारका अपाङ्गता भएका नेपाली नागरिकहरुको पहिचान गरी स्थानीय तहदेखि नै त्यस्ता व्यक्तिहरुको पहिचान गरी लगत राख्न,

ख) नेपालको संविधानको धारा ४२ द्वारा प्रदत्त सामाजिक न्यायको हकको प्रवर्द्धन गर्न,

ग) अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी उपयुक्त र अनुकूलता सहित विकास प्रक्रिया र राज्यका संयन्त्रहरुमा समावेशीकरण गराउन ।

**४.लक्षित वर्गः**

अपाङ्गताको परिभाषा र वर्गीकरण, २०६३ ले वर्गीकृत गरे अनुसार अपाङ्गता भएका सबै नेपाली नागरिकहरु ।

**५.अपाङ्गगता भएका व्यक्तिहरुको वर्गीकरणः**

नेपाल राजपत्र खण्ड ५६, २०६३ भदौ २ बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको वर्गीकरण देहाय बमोजिम हुनेछ ।

**(क) पूर्णअशक्त अपाङ्गताः**

व्यक्तिको शारिरिक वा मानसिक प्रणालीमा भएको कार्यगत विचलनका कारण अरुको सहारा लिएर पनि दैनिक जीवन सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरु, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, पूर्ण रुपमा श्रवण-दृष्टिविहीन व्यक्तिहरु तथा आफै हलचल गर्न नसक्ने गरी पूर्ण रुपमा अशक्त भई अपाङ्गता भएका व्यक्तिहरुलाई "क" वर्गको अपाङ्गताको परिचय-पत्र वितरण गरिनेछ । यो रातो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

**(ख) अति अशक्त अपाङ्गताः**

निरन्तर अरुको सहयोग लिएर मात्र दैनिक जीवन सम्पादन गर्न, आवगमन गर्न, सञ्चार गर्न, लेखपढ गर्न सक्षम हुने व्यक्तिहरु, पोलियो वा अन्य कारणले शरिरको तल्लो भाग पूर्ण सक्रिय नभई वा मेरुदण्डमा चोट वा पक्षघात भई वा माँशपेशी विचलन भई वा मष्तिष्क पक्षघात भई कम्मरभन्दा मुनीको भाग क्रियाशील हुन नसकी ह्वीलचियरको प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरु, दुवै हातको पाखुरा मुनीको अंग नभएका वा नचल्ने, कम्मरभन्दा मुनीका अंग नभएका वा नचल्ने व्यक्तिहरु, दुवै खुट्टा पूर्ण क्रियाशील नभई वैशाखीको प्रयोग गर्ने व्यक्तिहरु, पूर्ण दृष्टिविहिन व्यक्तिहरु, वहिरा व्यक्तिहरु, दैनिक जीवन सम्पादन आफै गर्न सक्ने तर, सिकाईमा समस्या भएका वौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, निरन्तर अरुको सहयोग लिई रहनुपर्ने वहु अपाङ्गता भएका व्यक्तिहरुलाई, "ख" वर्गको परिचय-पत्र उपलव्ध गराइने छ । यो नीलो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिने छ ।

**(ग) मध्यम अपाङ्गताः**

कृत्रिम अंगको प्रयोग वा सहायक सामाग्रीको प्रयोगबाट दैनिक जीवन सम्पादन आफै गर्न सक्ने, पोलियो भई घुँडा मुनीको अंगमा मात्र प्रभाव परेको, स्वतन्त्र रुपमा हिँडडुल गर्न सक्ने शारिरिक रुपमा अपाङ्गता भएका व्यक्तिहरु, हत्केलाभन्दा मुनीका कम्तीमा बुढी औंला र चोर औंला नभएका तथा कुर्कुच्चाभन्दा मुनीको भाग नभएका, मेरुदण्डमा समस्या भई ढाँड

कुप्रिएको, सिकाईमा ढिला भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, श्रवणयन्त्रको प्रयोगबाट मात्र सुन्न सक्ने सुष्त श्रवण व्यक्तिहरु, शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलिबाट मात्र बोल्न सक्ने व्यक्तिहरु, तीब्र भकभके व्यक्तिहरु, तीन फिट मुनीका होचा पुडका व्यक्तिहरु, चश्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवण- दृष्टिविहिन व्यक्तिहरु, लेन्स वा म्याग्निफायरको प्रयोगबाट मात्र पढन सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु, समूह “ग” को अपाङ्गता वर्गमा पर्दछन् । यसको परिचय-पत्र पहेलो रंगमा नीलो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिने छ ।

**(घ) सामान्य अपाङ्गताः**

शारिरिक अंगहरुमा सामान्य विचलन भए तापनि दैनिक जीवन सम्पादनमा कुनै कठिनाई नहुने, हात वा खुट्टा केही छोटो भएका, ठूलो अक्षर पढन सक्ने, न्यून दृष्टियुक्त व्यक्तिहरु, हत्केला मुनीका कम्तीमा बुढिऔंला र चोर औंला भएका, खुट्टको औंलाका भागहरु नभएका, श्रवणयन्त्र लगाई वा नलगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुष्त श्रवण व्यक्तिहरु, स्मरणशक्ति ज्यादै कम भई सिकाईमा कठिनाई हुने वौद्धिक अपाङ्गता भएका व्यक्तिहरु “घ” वर्गमा पर्दछन् । यस वर्गको परिचय- पत्र सेतो रंगमा कालो अक्षरले स्पष्ट पहिचान हुनेगरी जारी गरिनेछ ।

**६.अपाङ्गता परिचय- पत्रको ढाँचाः**

परिचय-पत्र वाहक व्यक्तिको व्यक्तिगत बिवरण स्पष्ट हुने एवं निजलाई सरकारी तथा गैर सरकारी निकायहरुबाट उपलव्ध गराइएका सेवा सुविधा उपभोगका अभिलेखहरु एवं उपलव्ध अवसरको उपभोग गरिएका अभिलेखहरु समेत स्पष्ट हुने गरी पासपोर्टको ढाँचामा अनुसूची- १ मा उल्लेख भए अनुसारको परिचय-पत्र अपाङ्गताको बर्गीकरण अनुसार चार फरक रंगमा उपलव्ध गराइनेछ ।

**७.परिचय-पत्र बितरण प्रकृयाः**

(क) सम्वन्धित वार्ड कार्यालय मार्फत प्रमुख प्रशासकीय अधिकृतलाई अपाङ्ग स्वयम वा निजको अविभावक/संरक्षकले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(ख) सम्वन्धित वडा कार्यालयले स्पष्ट नदेखिने अपाङ्गताको हकमा स्थानीय तहको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पठाउनु पर्नेछ ।

(ग) दरखास्तमा आफ्नो उमेर, अपाङ्गता खुलेको लिखित प्रमाणित नक्कल, अशक्तताको गम्भीरतको आधारमा स्थायीरुपले काम गर्न सक्षम नभएको बिवरण संलग्न हुनु पर्नेछ । यस प्रयोजनको लागि जन्मदर्ता प्रमाण-पत्र,नागरिकताको प्रमाण-पत्र,जग्गाधनी दर्ता प्रमाण-पूर्जा, विद्यालयको प्रमाण-पत्र, जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका अपाङ्ग सम्वन्धी कार्य गर्ने संघसंस्थाले गरेको सिफारिसमध्ये कुनै एक वा यस्तै प्रमाणित लिखतलाई आधार मानिनेछ ।

(घ) परिचय-पत्र सिफारिस समितिः

परिचय-पत्रका लागि पर्न आएका निवेदनहरु छानवीन गरी परिचय-पत्र वितरणका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्न निम्नबमोजिम एक परिचय-पत्र सिफारिस समिति रहनेछ ।

१. गाउँ कार्यपालिकास्थित सामाजिक विकास समितिका संयोजक- संयोजक

२.गाउ कार्यपालिकास्थित स्वास्थ्य शाखा हेर्ने संयोजक/शाखा प्रमुख- सदस्य

३.गाउँ अपांग महासंघ नेपालमा आवद्ध संघसंस्थाका प्रतिनिधि वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको अपाङ्गता क्षेत्रमा काम गर्ने संस्थाको प्रतिनिधि- सदस्य १

४. महिला तथा वालवालिका हेर्ने शाखा/इकाईका प्रमुख- सदस्य सचिव

(ङ) समितिको वैठक आवश्यकता अनुसार सदस्य सचिवले बोलाउनेछ । तर, यस्तो बैठक बर्षमा कम्तीमा छ पटक बस्नु पर्नेछ ।

(च) प्रत्यक्ष रुपमा अपाङ्गता देखिने अपाङ्गता भएका व्यक्तिहरु जस्तै अङ्गभङ्ग भएका, पूर्ण दृष्टिविहीन, पूर्णअशक्त अपाङ्ग, अतिअशक्त वौद्धिक अपाङ्ग (सुस्त मनःस्थिति) र अतिअशक्त बहिरा आदिलाई परिचय-पत्र बितरण गर्न समितिले अनुमोदनमात्र गर्ने गरी बैठक अगाडी नै परिचय-पत्र दिन सकिनेछ ।

(छ) गाउँघरमा रहेका माथि “च” अनुसारका अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय-पत्र उपलव्ध गराउन वडा कार्यालयबाट सिफारिस गराई प्रमुख प्रशासकीय अधिकृतले अविभावक वा संरक्षकको रोहवरमा सोझै उपलव्ध गराउन

सक्ने र नदेखिने खालका वा अपाङ्गता मात्राका आधारमा चिकित्सकको सिफारिस लिनुपर्ने भएमा समितिले निर्णय गरेर परिचय-पत्र उपलब्ध गराउनुपर्नेछ ।

(ज) सामान्यतया परिचय-पत्र अपाङ्गता भएको व्यक्ति स्वयं उपस्थित भई बुझेर लानुपर्नेछ । तर पूर्णअशक्त अपाङ्गता भएका कारण आफै उपस्थित हुन नसक्ने भएमा त्यस्तो अवस्थाको बिवरण गाउँपालिका स्थित अपाङ्गता क्षेत्रमा कार्य गर्ने संस्थाको सिफारिससहित आएमा निजको संरक्षक वा अविभावकले बुझेर लान सक्नेछ ।

(झ) दुर्गम गाउँमा रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई वडा कार्यालयको समन्वयमा घुम्ती टोली खटाई वा प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति गराई यथास्थानमै परिचय-पत्र बितरण गराउने व्यवस्था गर्न सकिनेछ । यसरी परिचय -पत्र बितरण गराउँदा सरोकारवालाका प्रतिनिधिहरु समेतको उपस्थितिका लागि वडा कार्यालयले समन्वय गर्नु पर्नेछ ।

(ञ) परिचय-पत्र पाउन योग्य व्यक्तिहरुबाट प्रति व्यक्ति तीन प्रति (सम्भव भएसम्म अपाङ्गता स्पष्ट देखिने) फोटो संकलन गरी सम्वन्धित व्यक्तिलाई दिईने परिचय-पत्रमा एकप्रति, परिचय-पत्र दर्ता किताबमा एकप्रति र कम्प्यूटर अभिलेखमा एकप्रति राख्नु पर्नेछ ।

(ट) परिचय-पत्र प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख अनुसूची-३ बमोजिमको ढाँचामा राखि त्यस्तो बिवरण गाउँपालिकाको वेभसाइट समेतमा राख्नु पर्नेछ ।

(ठ) अपाङ्गता परिचय-पत्र निशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(ड) अपाङ्गता परिचय-पत्र हराएमा वा नासिएमा सो को प्रतिलिपि लिनको लागि सम्वन्धित वडा कार्यालयबाट सम्वन्धित व्यक्तिको फोटो प्रमाणित सहितको निवेदन दिनु पर्नेछ ।

**८.विविधः**

(क) परिचय-पत्र सिफारिस समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) परिचय-पत्र बितरण सम्वन्धमा माथि उल्लेखित व्यवस्थाबाहेक अन्य विषयमा संघीय, प्रदेश कानून र निर्देशन बमोजिम हुनेछ ।

(ग) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै स्पष्टता नभएको अवस्थामा प्रचलित कानून तथा गाउँ कार्यपालिका वैठकको निर्णय अनुसार हुनेछ ।

(घ) यो कार्यविधि लागु हुनअगाडी प्राप्त अपाङ्गता परिचय-पत्र गाउँ कार्यपालिकाको कार्यालयमा बुझाई यस कार्यविधि बमोजिमको परिचय-पत्र लिनुपर्नेछ ।

## अनुसूची-१
## अपाङ्गता परिचय-पत्र

क्रम संख्याः वर्गः

### अपाङ्गता भएका व्यक्तिको वैयक्तिक बिवरण

फोटो

नाम थरः
स्थायी ठेगानाः
अस्थायी ठेगानाः
जन्म मितिः ना.प्र.नं.
लिंगः पुरुष/महिला/अन्य
विवाहित/अविवाहित
शैक्षिक योग्यताः पेशाः
अपाङ्गताको बिवरणः.. ……. …… ……… …..
………. ……….. ……… …….
बावु/आमा वा संरक्षकको नाम थरः
ठेगानाः
सम्पर्क नं.
अपाङ्गता भएको व्यक्तिसँगको नाताः
अपाङ्गता भएका(सम्वन्धित व्याक्ति) को दस्तखतः
ल्याप्चे सहीः

| दायाँ | बायाँ |
|---|---|
| | |

परिचय-पत्र प्रदान गर्ने अधिकारीको-
दस्तखतः
नाम थरः
पदः प्रमुख प्रशासकिय अधिकृत
कार्यालयः
मितिः

अपाङ्गता भएका व्यक्ति लक्षित सामाजिक सुरक्षा/संरक्षण कार्याक्रमको बिवरण

| मिति | सामाजिक सुरक्षा/संरक्षण कार्यक्रमको बिवरण | उपलव्ध गराउने निकाय | परिमाण | | बुझाउने को दस्तखत |
|---|---|---|---|---|---|
| | | | नगद रु. | जिन्सी परिमाण | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची-२**

अपाङ्गगता भएका व्यक्तिको परिचय-पत्र आवेदन फाराम

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ,

साकेला गाउँपालिका मानेभन्ज्याङ,

गाउँकार्यपालिकाको कार्यालय, खोटाङ

।

म निम्नलिखित कारणले अपाङ्गता भएमा व्यक्तिको परिचय-पत्र पाउन योग्य भएकोले सो आधारमा उक्त परिचय-पत्र पाउन अनुरोध गर्दछु । मैले पेश गरेको बिवरण ठीक साँचो छ , झुट्टा ठहरेमा मेरो परिचय-पत्र नपाउने गरी अयोग्य ठहऱ्याएमा वा प्रचलित कानून बमोजिम सजायँ भोग्नु परेमा भोग्न मञ्जुर छु ।

१.नाम थरः ...... ..... ..... उमेरः .... .... लिंगः ......... ...

२.अस्थायी ठेगानाः ........ जिल्ला ........ ..... गाउँपालिका वडा नं.... गाउँ/टोल.........

३.स्थायी ठेगानाः ........ जिल्ला ........ ..... गाउँपालिका वडा नं.... गाउँ/टोल.........

४.सम्पर्क टेलिफोन वा मोबाईल नं.

५.संरक्षक वा अविभावकको नामः ........ ............. ......... नाताः

६.संरक्षक अविभावकको सम्पर्क टेलिफोन वा मोबाईल नं.

७.नेपाल सरकारको परिभाषा र वर्गीकरण अनुसार अपाङ्गताको प्रकारः ..... ....... .........

८.नेपाल सरकारको परिभाषा र वर्गीकरण अनुसार मात्राको आधारमा अपाङ्गताको प्रकारः

........................... .......................... ............. ....... ............ ............

........................... .......................... ............. ....... ............ ............

९.अपाङ्गपन भएको शरीरको अङ्ग वा भागको नामः ......... .......... ........... ........... ..............

१०. अपाङ्गपन भएपछि सो भाग वा अङ्गको अवस्थाः ........ ......... .......... ........... .............

............. ............. .............. ............. ............. .............

११.अपाङ्गगताको कारणः (उपयुक्त स्थानमा चिनो लगाउनुहोस)

(क) रोगको दीर्घ असरः (ख) दुर्घटना (ग) जन्मजात (घ) सशस्त्र द्वन्द (ङ) वंशानुगत (च) अन्य

१२.अपाङ्गता भएपछि शारीरिक रुपमा देखा परेको समस्या वा अप्ठेरोः

........................... .......................... ............. ....... ............ ............

१३.सहायक सामाग्री प्रयोग गर्नुपर्ने आवश्यकता भएको वा नभएको (उपयुक्त स्थानमा चिनो लगाउनुहोस)

(क) भएको (ख) नभएको

१४.आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामाग्रीको प्रयोग गर्नुपर्ने हुन्छ ?

........................... .......................... ............. ....... ............ ............

........................... .......................... ............. ....... ............ ............

(१५) सहायक सामाग्री प्रयोग गर्ने गरेको/नगरेको (उपयुक्त स्थानमा चिनो लगाउनुहोस)

(क) गर्ने गरेको (ख) गर्ने नगरेको

१६.सहायक सामाग्री प्रयोग गर्ने गरेको भए सामाग्रीको नामः ............. ............. ........... ...........
........................... .......................... ............. ....... ............ ............

१७.अन्य व्यक्तिको साहाराबिना आफ्ना कस्ता कस्ता दैनिक कार्य गर्न सक्नुहुन्छ ?

क)

ख)

ग)

घ)

ङ)

१८.अन्य व्यक्तिको सहारा लिनुहुन्छ भने कुन कुन कामको लागि लिनु हुन्छ ?

क)

ख)

ग)

घ)

ङ)

१९.पछिल्लो शैक्षिक योग्यताः (उपयुक्त स्थानमा चिनो लगाउनुहोस)

(क) निरक्षर (ख) साक्षर (ग) प्राथमिक तह (घ) निम्न माध्यमिक तह (ङ) माध्यमिक तह
(च) उच्च माध्यमिक तह (छ) स्नातक तह (ज) स्नतकोत्तर तह (झ) विद्यावारिधी

२०.कुनै तालीम प्राप्त गर्नु भएको भए:

क)

ख)

ग)

२१.हालको पेशाः

(क) अध्ययन (ख) खेती किसानी (ग) स्वरोजगार (घ) सीप सिर्जना (ङ) अध्ययन
(च) सरकारी नोकरी (छ) निजी क्षेत्रमा नोकरी (ज) केही नगरेको (झ) अन्य

निवेदक

नामः

ठेगानाः

मितिः

प्रमाणिकरण मितिः २०७५।०६।२९

आज्ञाले,
रविन मगर
प्रमुख प्रशासकीय अधिकृत